राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ५४ २०८३ भदौ २६ गते शुक्रवार (11 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

॥ ॐ श्री बलभद्राय नम: ॥

श्री धर्म संस्था व्याहुत कलवार चौरासी

## ब्याहुत सेवा समिति (कलवार कुट्ठी)

जनकपुरधाम-४ (नेपाल)

### श्री बलभद्र जयन्ती पूजन समारोह

## हार्दिक निमन्त्रणा

परमपिता परमेश्वरको असीम अनुकम्पा तथा श्री बलभद्र भगवानको कृपाबाट व्याहुत सेवा समितिद्वारा **२०८३ आश्विन १ गते विहिवार**का दिन श्री बलभद्र जयन्ती पूजनोत्सव विविध धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रमका साथ भव्य रूपमा मनाउन लागिएको छ। अत: समस्त स्वजातीय बन्धु-बान्धवहरूलाई आग्रह छ कि सपरिवार अनिवार्य उपस्थित भई पूजन समारोहमा भव्यता प्रदान गरी कार्यक्रमलाई सफल बनाउन हार्दिक अनुरोध गर्दछौं ।

## पूजनोत्सवअन्तर्गत साप्ताहिक कार्यक्रम तालिका

**मिति : २०८३ भाद्र २७ गते, शनिबार**

दौड प्रतियोगिता
समय : बिहान ७:०० बजे संयोजक : **दिनेश कुमार साह** मो. : ९८२५८७६०४०

चित्रकला प्रतियोगिता
समय : दिउँसो ३:०० बजे संयोजक : **अमित कुमार साह** मो. : ९८१६८००११०

मिति : २०८३ भाद्र २८ गते, आइतबार

हाजिरीजवाफ प्रतियोगिता
समय : दिउँसो १:०० बजे संयोजक : **राजेश कुमार साह** मो. : ९८१७८७५८१२

**मिति : २०८३ भाद्र ३० गते, मंगलबार**

भोजन कार्यक्रम स्थान : मानव सेवा आश्रम आयोजक : मूल समिति

**मिति : २०८३ भाद्र ३१ गते, बुधबार**

सरसफाइ तथा वृक्षरोपण कार्यक्रम
समय : बिहान ७:०० बजे संयोजक : **बसन्त प्रसाद साह** मो. : ९७०७१९६८३९

**मिति : २०८३ आश्विन १ गते, विहिवार**

**कलश भरण तथा शोभायात्रा** समय : बिहान ८:०० बजे आयोजक : युवा मञ्च तथा महिला मञ्च
**पूजन शुभारम्भ** : समय : बिहान ९:३० बजे **दिवा भोजन** समय : बिहान ११:०० बजेदेखि ४:०० बजेसम्म
संयोजक : **महेश कुमार साह** मो. : ९८०७६२४३७०

**रक्तदान कार्यक्रम**
समय : बिहान ११:०० बजेदेखि संयोजक : **मौसम विक्रम साह** मो. : ९८१२०२८४९१

**ज्येष्ठ नागरिक सम्मान कार्यक्रम**
समय : दिउँसो २:०० बजे संयोजक : मूल समिति

**प्रसाद वितरण**
समय : साँझ ४:०० बजेदेखि संयोजक : **गणेश प्रसाद साह** मो. : ९८१४८९५०८७

**महाआरती**
समय : साँझ ७:०० बजे संयोजक : महिला मञ्च

मिति : २०८३ आश्विन २ गते, शुक्रबार

**वृद्धाश्रममा खाद्यान्न वितरण कार्यक्रम**
*आयोजक : मूल समिति, युवा मञ्च तथा महिला मञ्च*

**हार्दिक अनुरोध**
श्री बलभद्र जयन्ती पूजन समारोहलाई धार्मिक आस्था, सामाजिक एकता, सेवाभाव र पारस्परिक सद्भावको उत्सवका रूपमा सफल बनाउन सम्पूर्ण स्वजातीय बन्धु-बान्धवहरूको सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं । *जय श्री बलभद्र भगवान् !*

| | |
|---|---|
| **शिव शंकर साह (मुन्ना)** | **श्याम प्रसाद साह** |
| महासचिव | अध्यक्ष |
| मो. ९८०४८८८८४८ | मो. ९८५४०२२५४८ |

# जलवायु संकटसँगै विपद् ऐन संशोधनको तयारी

## उत्तर विधायिकी परीक्षणमा विज्ञको सुझाव : मधेशको विपद् जोखिम सम्बोधन गर्न ऐन समयानुकूल बनाउनुपर्नेमा जोड

दैनिक समाचारदाता

जनकपुरधाम, भदौ २५ गते । जलवायु परिवर्तनका कारण प्राकृतिक विपद्का घटना र जोखिम बढ्दै गएपछि मधेश प्रदेश सरकारले निर्माण गरेको विपद् व्यवस्थापन ऐन, २०७५ कार्यान्वयनमा आएको सात वर्षपछि त्यसको प्रभावकारिता, कमजोरी र वर्तमान विपद् जोखिमसँगको सान्दर्भिकताबारे समीक्षा सुरु गरेको हो ।



मधेश प्रदेशको आयोजनामा तथा उन्नत नेपालको समन्वयमा बिहीबार जनकपुरधाममा आयोजित 'विपद् व्यवस्थापन ऐन, २०७५ को उत्तर विधायिकी परीक्षण तथा सरोकारवालासँग परामर्श' कार्यक्रममा ऐन संशोधनका लागि विज्ञ, प्रदेशसभा सदस्य तथा सरोकारवालासँग सुझाव मागिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले ऐन समयअनुकूल परिवर्तन हुनुपर्ने बताउँदै वर्तमान जलवायु संकटले मधेश पनि प्राकृतिक विपद्बाट सुरक्षित नरहेको उल्लेख गरे । पछिल्लो समय रसुवा, नुवाकोट र धादिङलगायतका पहाडी जिल्लामा देखिएका बाढी तथा पहिरोजस्ता विपद्का घटनाले जलवायु परिवर्तनको प्रभाव भौगोलिक सीमाभन्दा बाहिर फैलिएको उनको भनाइ थियो ।

"सात वर्षअघि बनेको ऐन अहिलेको परिस्थितिअनुसार पर्याप्त नहुन सक्छ," सभामुख यादवले भने, "संघीय सरकारको कानुनकै प्रतिलिपिजस्तो रहेको प्रदेशको विपद् व्यवस्थापन ऐनलाई मधेशको भौगोलिक, वातावरणीय र जलवायुजन्य जोखिमअनुकूल बनाउन आवश्यक छ।"

उनले ऐन संशोधन गर्दा वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका विज्ञको सुझाव समेट्नुपर्नेमा जोड दिए । विपद् आइसकेपछि उद्धार र राहतमा मात्र केन्द्रित नभई जोखिम न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचना प्रणाली तथा स्थानीय तहको क्षमता अभिवृद्धिलाई कानुनमै प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।

प्रदेश मामिला समितिका सभापति रत्नेश्वर गोइतको अध्यक्षतामा भएको कार्यक्रममा वातावरण विज्ञ डा. सुमनकुमार कर्णले ऐनमा रहेका कमजोरी तथा थप गर्नुपर्ने विषयबारे डिजिटल प्रस्तुतिमार्फत जानकारी गराएका थिए । उनले ऐनको उत्तर विधायिकी परीक्षणका लागि विभिन्न १० वटा दृष्टिकोण प्रस्तुत गर्दै जलवायु परिवर्तनका कारण

बाँकी पृष्ठ ३मा

# दलित महिलाले अस्पतालबाहिरै बच्चा जन्माएको घटनामा निष्पक्ष छानबिन गर्न दलित विकास समितिको माग

दैनिक समाचारदाता

जनकपुरधाम, २५ भदौ । मधेश प्रदेशको दलित विकास समितिले सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा उपचारका लागि पुगेकी दलित समुदायकी महिलाले अस्पतालबाहिरै बच्चा जन्माउनुपरेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

समितिका उपाध्यक्ष जितेन्द्र पासमानले आर्थिक अभाव तथा दलित समुदायको सदस्य भएकै कारण महिलाले उपचार नपाएको पीडित परिवारबाट गुनासो आएको भन्दै घटनाको सत्यतथ्य तत्काल सार्वजनिक गर्न माग गरेका छन् ।




समाचार दैनिकसँग फोनमा कुरा गर्दै पासमानले स्वास्थ्य सेवासहित राज्यका सबै निकायमा नागरिकको समान पहुँच र सम्मान सुनिश्चित हुनुपर्ने बताए । अस्पताल परिसरबाहिरै प्रसूति हुनुपर्ने अवस्था सिर्जना हुनु स्वास्थ्य सेवा र अस्पताल व्यवस्थापनमाथि गम्भीर प्रश्न भएको उनको भनाइ छ ।

राजविराज नगरपालिका(१४


बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# लालपुर्जासँगै स्वामित्वको भरोसा

महोत्तरीको एकडारा गाउँपालिका-६ मा गाउँ ब्लक अन्तर्गतको जग्गा भोगचलन गर्दै आएका २७५ जना जग्गाधनीले लालपुर्जा प्राप्त गर्नु सकारात्मक र स्वागतयोग्य कदम हो। साविक कोल्हुवा बगेया गाविसका वडा नम्बर ५, ६, ७ र ८ का स्थानीयले लामो समयदेखि भोगचलन गर्दै आएको जग्गाको कानुनी स्वामित्व प्राप्त गर्न नसक्नु राज्यको भूमि व्यवस्थापन प्रणालीमा रहेको जटिलताको उदाहरण थियो। अब लालपुर्जा पाएसँगै उनीहरूको स्वामित्व औपचारिक रूपमा स्थापित भएको छ।

जग्गा नागरिकका लागि केवल सम्पत्ति होइन, जीवनभरको श्रम, सुरक्षा र भविष्यसँग जोडिएको आधार हो। पुस्तौंदेखि कुनै जमिनमा बसोबास वा भोगचलन गर्दै आएका नागरिकसँग त्यसको कानुनी प्रमाण नहुनु आफैँमा गम्भीर समस्या हो। यस्तो अवस्थाले नागरिकलाई आफ्नो सम्पत्तिको पूर्ण उपयोग गर्न, हस्तान्तरण गर्न वा आवश्यक पर्दा आर्थिक स्रोतका रूपमा प्रयोग गर्न कठिन बनाउँछ। त्यसैले लालपुर्जा वितरणलाई केवल कागज बाँड्ने प्रशासनिक कामका रूपमा नभई नागरिकको सम्पत्तिमाथिको अधिकार सुनिश्चित गर्ने महत्वपूर्ण कार्यका रूपमा लिनुपर्छ ।

एकडारामा २७५ परिवारले लालपुर्जा पाउनु उपलब्धि हो, तर यसलाई अन्तिम गन्तव्य मान्न मिल्दैन। गाउँ ब्लक, ऐलानी, पर्ती तथा अन्य प्रकृतिका जग्गासम्बन्धी समस्या अझै विभिन्न स्थानमा बाँकी छन् । प्रमाण पुगेका नागरिकलाई लामो समयसम्म कार्यालय धाउनुपर्ने, नापजाँच तथा अभिलेखमा हुने ढिलाइ, निकायबीचको समन्वय अभाव र प्रक्रियागत जटिलताले नागरिकलाई अनावश्यक दु:ख दिने गरेको पाइन्छ। राज्यले यस्ता समस्यालाई प्राथमिकताका साथ समाधान गर्नुपर्छ।

भूमि प्रशासनमा पारदर्शिता अझ महत्वपूर्ण विषय हो। वास्तविक भोगचलनकर्ता छुट्ने, गलत व्यक्तिको नाममा अभिलेख कायम हुने वा राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा प्रक्रिया प्रभावित हुने अवस्था आउन दिनु हुँदैन। स्थानीय तह, नापी कार्यालय, मालपोत प्रशासन तथा अन्य सम्बन्धित निकायबीच प्रभावकारी समन्वय गरी प्रमाणमा आधारित र निष्पक्ष प्रक्रिया अघि बढाउन आवश्यक छ।

लालपुर्जा वितरणसँगै यसको संरक्षण र अभिलेख व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण छ। नागरिकले आफ्नो लालपुर्जा सुरक्षित राख्नुपर्ने भए पनि राज्यले पनि जग्गाको अभिलेखलाई व्यवस्थित, सुरक्षित र आधुनिक बनाउनुपर्छ। डिजिटल अभिलेख तथा सहज सेवा प्रणालीले भविष्यमा यस्ता समस्या दोहोरिन नदिन महत्वपूर्ण भूमिका खेल्न सक्छ।

एकडाराका २७५ परिवारले पाएको लालपुर्जा राज्य नागरिकको सम्पत्तिको अधिकारप्रति संवेदनशील बन्न थालेको संकेत हो। अब बाँकी नागरिकको समस्या पनि पहिचान गरी समयबद्ध रूपमा समाधान गरिनुपर्छ। लालपुर्जा वितरणको सफलता कति कागज बाँडियो भन्नेमा होइन, कति नागरिकले सुरक्षित र निर्विवाद स्वामित्व पाए भन्नेमा मापन हुनुपर्छ।

# राहतमा राजनीति



सनोज महत

२०८३ भदौ १० गते तिब्बतको ल्हेन्दे खोलाबाट विनाशकारी बाढी आयो । तीव्र गतिमा आएको बाढीले सबैभन्दा बढी क्षति रसुवा र नुवाकोटमा पुऱ्यायो । नेपाल प्रवेश गरेपछि बाढीले आफ्नो बहाव क्षेत्रमा पर्ने गाउँ र बस्ती बगाउँदै अघि बढ्यो । रसुवागढीदेखि देवीघाट बजारसम्मको करिब ८० किलोमिटर दूरी बाढीले २५ मिनेटमा पार गरेको स्थानीयहरू बताउँछन् । यो छोटो समयमा रसुवाका करिब एक हजार घरमा क्षति पुग्यो । त्रिशूली बजार प्रवेश गरेपछि ढुङ्गेबजार, त्रिशूली बजार र देवीघाटलगायत क्षेत्रमा थप एक हजार तीन सय घरमा पूर्ण क्षति पुग्यो ।

सरकारी तथ्याङ्कअनुसार हालसम्म ५ हजार ३२६ जना अझै बेपत्ता छन् । बाढीमा १ हजार ३५७ जनाले ज्यान गुमाए । १३ हजार ५८३ जनाको उद्धार गरिएको छ । ३ हजार २४० जना मानिस १७ वटा होल्डिङ सेन्टरमा आश्रय लिएर बसिरहेका छन् ।

बाढीबाट प्रभावित हुने जिल्लाहरु रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन र नवलपरासी हुन् । चितवन र नवलपरासीबाहेक पाँच जिल्लाका १५ पालिका र ४९ वडा प्रत्यक्ष प्रभावित भए ।

नेपाल सरकारका अनुसार ७ हजार ५७० घरमा क्षति पुगेको छ । प्रभावित जनसङ्ख्या ३२ हजारभन्दा बढी रहेको अनुमान छ । तर यूएनडीपीको तथ्याङ्कले प्रभावितको सङ्ख्या ८४ हजार २७० रहेको जनाएको छ ।



माथिका तथ्याङ्कले भदौ १० गते भोटेकोशीमा आएको बाढीको भयावहता देखाउँछ । तिब्बतको ल्हेन्दे खोलाबाट सुरु भएको बाढीले भोटेकोशी नदीको क्षेत्र हुँदै रसुवा र नुवाकोटमा ठूलो विनाश गऱ्यो । त्रिशूली बजार, ढुङ्गे र देवीघाटसम्म आइपुग्दा पनि यसको रौद्र रूप कायम थियो ।

त्रिशूली-देवीघाट क्षेत्रको भूगोल फराकिलो छ । त्यस क्षेत्रमा आइपुग्दा नदीको बहाव केही कम भएको थियो । सूचना, सञ्चार र भौगोलिक कठिनाइका कारण रसुवा र नुवाकोटमा ठूलो मानवीय क्षति भयो । अन्य क्षेत्रमा तुलनात्मक रूपमा कम क्षति भयो । बाढी चितवन पुग्दा मत्थर भइसकेको थियो ।

करिब १८८ किलोमिटर प्रतिघण्टाको गतिमा सुरु भएको बाढीले रसुवादेखि गण्डक ब्यारेजसम्मको करिब २४० किलोमिटर दूरी पार गर्न १० घण्टा भन्दा थोरै समय लगायो । बाढीको बहाव नियन्त्रण गर्न त्यस दिन गण्डक ब्यारेजका सबै ३२ वटा ढोका खोल्नुपरेको थियो । निश्चय नै यो सामान्य प्राकृतिक विपत्ति मात्र थिएन । यो एउटा प्रलयजस्तै थियो । बेपत्ता भएका धेरै मानिस कहिल्यै भेटिने छैनन् । वडा र पालिकाले बिस्तारै आफ्ना नागरिकको अवस्थाबारे तथ्याङ्क अद्यावधिक गर्नेछन् ।

तीर्थयात्री, औपचारिक रोजगारीमा रहेका व्यक्ति र व्यवसायीको विवरण पनि बाहिर आउनेछ । तर अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक, साना व्यवसायी र पेशाकर्मीको यकिन तथ्यङ्क निकाल्न कठिन हुनेछ । यो समूहमा धेरै भारतीय नागरिक पनि रहेको अनुमान गर्न सकिन्छ ।

### *राहत सङ्कलनको अवस्था*

बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा लगातार सहयोग जुट्न थाल्यो । पहिलो दस दिनमा ठूलो मात्रामा नगद सहयोग प्राप्त भयो । यो सहयोग नेपालभित्र र विश्वका विभिन्न ठाउँबाट स्वेच्छाले आएको थियो । सानातिना स्कुले बालबालिकाले दिएको पाँच रुपैयाँदेखि विश्वका धनी व्यक्तिहरूले दिएको ठूलो रकमसम्म कोषमा जम्मा भयो । ल्हेन्दे, भोटेकोशी, त्रिशूली, नारायणी र गण्डक एउटै जलधाराका फरक-फरक नाम हुन् । यो जलधाराले चीन, नेपाल र भारतलाई जोडेको छ । यो तीन देशको जीवनसँग जोडिएको नदी प्रणाली हो ।

तर जब प्रलय आयो, यही जलधाराले हजारौं चिनियाँ, नेपाली र भारतीयको जीवनमा असर पुऱ्यायो । नेपालमा भएको मानवीय र भौतिक क्षति तुलनात्मक रूपमा धेरै ठूलो छ । चीन र भारतले विपद्सँग जुध्न सहयोग गरेका छन् । मित्र राष्ट्रहरुले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । तत्कालका लागि प्रभावित नागरिकलाई ठूलो मात्रामा राहत सामग्री पठाएका छन् ।

नेपालका विभिन्न ठाउँमा राहत सामग्री सङ्कलन गर्ने अभियान चलिरहेको छ । यतिबेला नुवाकोट, रसुवालगायतका प्रभावित जिल्लाका प्रशासन कार्यालयमा राहत सामग्री राख्ने ठाउँको अभाव देखिएको छ ।

प्रहरी प्रधान कार्यालय र विमानस्थल भन्सारमा पनि राहत सामग्रीको व्यवस्थापन र भण्डारण चुनौती बनेको छ । सरकारले राहत सङ्कलन र वितरणमा एकद्वार प्रणाली घोषणा गरेको थियो । सुरुमा नुवाकोटको बट्टारस्थित नेपाली सेना ब्यारेकबाट राहत सामग्रीको व्यवस्थापन गरियो । स्वदेश र विदेशबाट ठूलो मात्रामा सामग्री आउन थाल्यो । तर प्रभावित क्षेत्रबाट आवश्यक सामग्रीको माग अपेक्षाकृत कम आयो । त्यसपछि ब्यारेकले दैनिक उपभोग्य सामग्रीको थप सङ्कलनमा धेरै चासो देखाएन । नुवाकोट जिल्ला प्रशासन कार्यालयले जिल्लासम्म आइपुगेको राहत सामग्री जिल्ला समन्वय समितिको गोदाममा राख्दै गयो । राहत व्यवस्थापनमा संलग्न अधिकारीले सार्वजनिक रूपमा सामग्री राख्ने ठाउँ नभएको जानकारी दिए । उनले राहत सामग्रीको माग पनि कम रहेको बताए । सहयोग गर्न चाहनेलाई सम्पर्क गरेर मात्र सामग्री ल्याउन सार्वजनिक अपिलसमेत गरियो ।

भदौ १६ गते जिल्ला समन्वय समिति कार्यालयमा जिल्ला समन्वय अधिकारी विष्णु प्रसाद पौडेलसँग यस विषयमा जानकारी लिइयो । उनका अनुसार प्रभावित क्षेत्रका सडक र बाटो बिस्तारै खुलिरहेका थिए ।

प्रभावित पालिका, वडा र होल्डिङ सेन्टरमा राहत सामग्री पुऱ्याउन खासै अवरोध थिएन । तर जिल्ला समन्वय समितिमा भने ठाउँको अभाव थियो । उनले राहत लिएर आउनेलाई सम्बन्धित पालिकासँग समन्वय गर्न सुझाव दिए । बाढी छैटौं दिन अर्थात् भदौ १५ गतेदेखि राहत सामग्री वडा र पालिकासम्म पुग्न थालेको देखियो । तर स्थानीय तह र वडामा राहत सामग्रीप्रति अपेक्षित उत्साह देखिएन ।

### *राहत सामग्रीमा पीडितको चासो कम*

बाढीमा परेका धेरै मानिस स्थानीय स्थायी बासिन्दा मात्र थिएनन् । रसुवा र नुवाकोटको माथिल्लो क्षेत्रमा केही बस्ती पूरै बगायो । कतिपय ठाउँमा सिङ्गो परिवार नै बाढीको चपेटामा परेर बेपत्ता भए । जो मानिस बाढीमा परे, उनीहरूको घर, परिवार र सम्पत्ति सबै समाप्त भयो । बाँचेकाहरू आफन्त र छिमेकीको आश्रयमा छन् । उनीहरू अहिले आफन्तको खोजीमा छन् ।

धेरै मानिस शोकमा छन् । त्रिशूली बजार, ढुङ्गे र बेत्रावतीजस्ता घना बस्तीका धेरै मानिसको काठमाडौंमा पनि घर रहेको स्थानीयहरू बताउँछन् । नुवाकोटका स्थानीय बासिन्दा भगवान पौडेलका अनुसार ती क्षेत्रका करिब ७० प्रतिशत मानिस काठमाडौं वा अन्यत्र स्थानान्तरण भइसकेका छन् ।

होल्डिङ सेन्टरमा बस्ने मानिसको सङ्ख्या पनि सीमित छ । उनीहरूको खाना र बसोबासको व्यवस्था त्यहीं गरिएको छ । धेरै राहत सामग्री लिएर राख्ने ठाउँ पनि उनीहरूसँग छैन । नुवाकोटलाई परम्परादेखि राम्रो कृषि उत्पादन हुने जिल्ला मानिन्छ ।

केरुङ नाकाले स्थानीय अर्थतन्त्रमा अवसर दिएको थियो । विभिन्न जलविद्युत् आयोजना र पर्यटन क्षेत्रले पनि रोजगारी सिर्जना गरेका थिए । धेरै स्थानीयको आर्थिक अवस्था देशका अन्य ठाउँको तुलनामा राम्रो थियो । यस्तो अवस्थामा आफन्त र करोडौंको सम्पत्ति गुमाएका मानिसका लागि दानमा आएको दैनिक उपभोग्य सामग्री मुख्य आकर्षण बन्न सकेन । त्यसैले प्रकोप ठूलो भएपनि दैनिक उपभोग्य सामग्रीको माग अपेक्षा गरिएभन्दा निकै कम देखियो ।

### *राहतलाई नियन्त्रित त्रासदी बनाउँदै सरकार*

छिमेकी राष्ट्र, अन्तर्राष्ट्रिय संघसंस्था, मित्र राष्ट्र र नेपालभित्रैबाट ठूलो

बाँकी पृष्ठ ३मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## राहतमा.........

मात्रामा राहत सामग्री सङ्कलन भएको छ। दैनिक उपभोग्य सामग्री आवश्यकता भन्दा बढी देखिएको छ। पीडितको मागभन्दा बढी सामग्री जम्मा हुँदा सरकारी निकायलाई व्यवस्थापन र भण्डारण समस्या बनेको छ। भदौ १२ र १६ गते दैवी प्रकोप उद्धार कोषले प्रभावित १५ पालिकालाई राहत रकम उपलब्ध गरायो।

क्षति र मानवीय आवश्यकताका आधारमा न्यूनतम ४० लाखदेखि तीन करोड रुपैयाँसम्म दिइयो। कुनै ठाउँमा राहत सामग्रीको अभाव भएमा स्थानीय तहले यही रकमबाट आवश्यक सामग्री खरिद गर्न सक्ने अवस्था बन्यो।

निश्चय नै राहतपछि पुनःस्थापना र पुनर्निर्माण ठूलो चुनौती हो। यसका लागि धेरै स्रोतको आवश्यकता पर्छ। क्यूआर कोडमार्फत उठेको रकमले मात्र यो काम पूरा हुँदैन। उठेको रकम पनि पर्याप्त नहुन सक्छ। तर यतिबेला पूर्वदेखि पश्चिम, हिमालदेखि तराईसम्म देशका वडा-वडामा राहत सामग्री सङ्कलन भइरहेको छ। धेरै ठाउँमा यसको वास्तविक आवश्यकता छैन।

आमनागरिकबाट सङ्कलन गरिएको सामग्री प्रयोगमा नआएर गोदाममै थन्कियो भने त्यो अर्को समस्या बन्न सक्छ। सरकारले वास्तविक अवस्था सार्वजनिक गर्नुपर्छ। अहिलेसम्म सहयोग गर्ने सबैलाई धन्यवाद दिनुपर्छ। तर आवश्यकता नभएको सामग्री थप सङ्कलन नगर्न पनि अपिल गर्नुपर्छ। राहतको निरन्तर चर्चा भइरहँदा बाढीको घाउ सधैं ताजा रहने खतरा हुन्छ।

नागरिकलाई निरन्तर त्रासदीमा राखेर राजनीतिक सहानुभूति लिन खोजिएको हो कि भन्ने प्रश्न पनि उठ्छ। स्थानीय जनप्रतिनिधिमाथि रास्वपाका सांसदको व्यवहार र उद्धार तथा व्यवस्थापनमा स्थानीय सरकारलाई गरिएको बेवास्ताले थप आशंका जन्माएको छ। सरकारले बाढीलाई कतै राजनीतिक अस्त्र बनाइरहेको त छैन भन्ने प्रश्न उठ्नु स्वाभाविक छ।

***एमालेको स्टन्ट***

राहत रकम घोषणा गर्ने क्रममा संसद्को तेस्रो ठूलो दल एमाले सबैभन्दा अगाडि देखियो। एमालेले भोटेकोशी बाढी प्रभावितका लागि एक करोड २० लाख रुपैयाँ राहत घोषणा गर्‍यो। देशभरबाट र अन्तर्राष्ट्रिय समुदायबाट आएको धेरै सहयोग प्रधानमन्त्री राहत कोषमा जम्मा भइरहेको थियो। अन्य राजनीतिक दलले पनि राहत सहयोग सरकारी कोषमै जम्मा गरिरहेका थिए। तर एमालेले भने फरक बाटो रोज्यो। उसले सरकारी कोषलाई विश्वास नगरेजस्तो देखियो।

एमालेले आफैं प्रभावित क्षेत्र पुगेर राहत वितरण गर्ने बतायो। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली स्वयं राहतका पोका बाँडिरहेको दृश्य नेपाली सञ्चारमाध्यम र सामाजिक सञ्जालमा व्यापक भयो। तर ती दृश्यमा राहत लिने को हो र दिने को हो भन्ने छुट्याउन कठिन देखिन्थ्यो। किनभने त्यहाँ आफ्नै नेता र कार्यकर्ताको ठूलो भीड थियो।

ओली तीन पटक प्रधानमन्त्री भइसकेका व्यक्ति हुन्। यतिबेला उनी एमालेका अध्यक्ष छन्। उनको र पार्टीको यस्तो व्यवहारले प्रधानमन्त्री राहत कोषको विश्वसनीयतामाथि प्रश्न उठाएको छ। एमालेको राजनीति र विगतको योगदानमाथि समेत प्रश्न उठ्ने अवस्था बनाएको छ। देश बाह्य युद्ध वा प्राकृतिक विपत्तिमा पर्दा हरेक नागरिकले राज्यप्रतिको जिम्मेवारी पूरा गर्नुपर्छ।

राजनीतिक दलले पनि त्यस्तो बेला राजनीतिक दूरी बिर्सनुपर्छ। राज्य भनेको सरकार मात्र होइन भन्ने व्यवहारबाट देखाउनुपर्छ। पटक-पटक सरकार र सत्तामा रहेको एमालेले यस घटनामा देखाएको व्यवहार लोकतान्त्रिक अभ्यासअनुकूल देखिँदैन।

***वडा-वडामा किन उठाइँदैछ राहत ?***

वडा-वडामा राहत उठाउने राजनीतिकर्मी प्रभावित क्षेत्रमा एकपटक पुग्न चाहन्छन्। शोक र पीडा भएको ठाउँमा रित्तो हात जानु हुँदैन भन्ने भावना उनीहरूमा छ। त्यसैले केही न केही सामग्री लिएर जाने चाहना हुन्छ।

अर्कोतर्फ प्रभावित क्षेत्रमा प्रत्यक्ष जान नसक्ने आमनेपाली पनि केही न केही सहयोग पठाउन चाहन्छन्। यो भावना मन्दिरमा प्रसाद चढाउने भावनाजस्तै छ। भगवानले प्रसाद खान्छन् कि खाँदैनन् भन्ने कुरा भक्तको प्राथमिकतामा नपरेजस्तै, कतिपय अवस्थामा पठाएको राहत आवश्यक छ कि छैन भन्ने कुरा पनि दोस्रो प्राथमिकतामा पर्न सक्छ।

राहत सङ्कलन भइरहेको ठाउँमा भेट्ने मानिसहरूले आफ्नो हैसियतअनुसार सहयोग गरिरहेका छन्। यहींबाट राहत राजनीति सुरु हुन्छ। राजनीतिज्ञको एउटा विशेषता हुन्छ। उनीहरूले आम नागरिकले सुन्न चाहेको कुरा बोल्छन्। आमनागरिकले हेर्न चाहेको काम गर्छन्।

अहिले धेरै नेपाली आफ्नै हातबाट बाढी प्रभावितलाई केही दिन चाहन्छन्। यो मन्दिरमा फूल र अक्षता चढाउने भावनाजस्तै हो। यही मनोभाव बुझेका चलाख राजनीतिकर्मीले राहत अभियानलाई आफ्नो राजनीतिक अवसर बनाइरहेका छन्। दान र पुण्यको अभियान चलाएर उनीहरू पण्डितजस्तै बनेका छन्।

आउँदै गरेको स्थानीय निर्वाचनमा आफूलाई समाजसेवीका रूपमा प्रस्तुत गर्ने अवसर पनि उनीहरूले देखेका छन्। त्यसैले राहत राजनीति उनीहरूका लागि उपयोगी माध्यम बनेको छ।

सरकारले पनि आमनेपालीलाई नियन्त्रित त्रासदीबाट बाहिर ल्याउन पर्याप्त प्रयास गरेको देखिँदैन। बाढीको पीडालाई राजनीतिक रूपमा प्रयोग गर्ने प्रयास भइरहेको आशंका बढेको छ। बाढीलाई भजाएर राजनीतिको रोटी सेक्ने काम भइरहेको छ।

नेपाली नागरिकको चरित्र नै सहयोगी खालको छ। उनीहरू सुदामाजस्तै आफ्नो घरका लागि बचाएर राखेको थोरै अन्न पनि सहयोग गर्न तयार हुन्छन्। जसरी सुदामाले श्रीकृष्णलाई आफ्नोसँग भएको थोरै चिउरा अर्पण गरेका थिए, त्यसरी नै नेपाली नागरिक बाढी प्रभावितका लागि आफ्नो क्षमताअनुसार सहयोग गर्न चाहन्छन्।

तर यही सहयोगी भावनामाथि राजनीति हुनु दुःखद छ। विशेष गरी एमालेको राहतसम्बन्धी राजनीति झन् उदेकलाग्दो ढङ्गले अगाडि बढिरहेको देखिन्छ। साभारः रातोपाटीडटकम

# वर्षाले सुर्खेतमा क्षति, कर्णाली राजमार्ग अवरुद्ध

### वीरेन्द्रनगरका घर तथा पसलमा पानी पस्यो, पर्खाल भत्कियो; चट्याङ लागेर एक जना घाइते

दैनिक समाचारदाता

सुर्खेत, २५ भदौ। मंगलबार साँझदेखि परेको अविरल वर्षाका कारण सुर्खेतका विभिन्न स्थानमा भौतिक क्षति हुनुका साथै कर्णाली राजमार्गसमेत अवरुद्ध भएको छ। वर्षाका कारण वीरेन्द्रनगरका घर तथा पसलमा पानी पसेको छ भने पर्खाल भत्किनुका साथै चट्याङ लागेर एक जना घाइते भएका छन्।



जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार वीरेन्द्रनगर-६ स्थित नेपाली सेनाले सञ्चालन गरेको आर्मी स्कुलको कम्पाउन्डको करिब १० मिटर पर्खाल वर्षाका कारण भत्किएको छ। पर्खाल भत्किए पनि अन्य क्षति नभएको प्रहरीले जनाएको छ।

वीरेन्द्रनगर-४ शहीदपार्कका सूर्य सलामीको भैंसीको पाडो खोर्के खोलाले बगाएको छ। घटनाबारे जानकारी पाएपछि प्रहरी टोली घटनास्थलमा पुगेर आवश्यक समन्वय गरेको प्रहरीले जनाएको छ।

यस्तै, वीरेन्द्रनगर-८ स्थित मोडेल कलेज नजिक सडकको नाला थुनिएपछि चार-पाँचवटा पसलमा पानी पसेको छ। प्रहरीले टोली परिचालन गरी पानीको निकासका लागि आवश्यक पहल गरेको जनाएको छ।

वीरेन्द्रनगर-१४ लादेमा करिब ३७ वर्षीय तुलसी बुढाथोकी चट्याङ लागेर घाइते भएका छन्। उनलाई उपचारका लागि कर्णाली प्रदेश अस्पताल कालागाउँ पठाइएको छ। उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

यसैबीच बराहताल गाउँपालिका-७ औलिसेमा पहिरो खसेपछि कर्णाली राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ। सडक अवरुद्ध भएपछि प्रहरी चौकी बड्डीचौरबाट ट्राफिक प्रहरीसहितको टोली घटनास्थलमा खटाइएको छ। पहिरो हटाएर राजमार्ग सञ्चालनमा ल्याउन सडक डिभिजन कार्यालयसँग समन्वय भइरहेको प्रहरीले जनाएको छ। निरन्तर वर्षा भइरहेकाले थप पहिरो खस्ने तथा भौतिक क्षति बढ्न सक्ने जोखिम रहेको भन्दै प्रहरीले यात्रु तथा सर्वसाधारणलाई आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ।

# प्रधानमन्त्री राहत कोषमा १२ अर्ब ६३ करोड संकलन

दैनिक समाचारदाता

काठमाडौं, २५ भदौ। गत भदौ १० गते रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीपछि राहत र उद्धारका लागि आह्वान गरिएको प्रधानमन्त्री राहत कोषमा १२ अर्ब ६३ करोड ९२ लाख ५७९ रुपैयाँ जम्मा रहेको छ।




कोषमा जम्मा भएको उक्त रकममध्ये ९ वटा वाणिज्य बैंकका खाताहरूमा ९ अर्ब ३२ करोड ६७ लाख ८२ हजार २३५ रुपैयाँ जम्मा भएको छ। यस्तै, दुई वटा वाणिज्य बैंकमा २ करोड १८ लाख ९ हजार ४४४ अमेरिकी डलर जम्मा भएको हो।

बाढी प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि यस कोषबाट १ अर्ब रुपैयाँ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा निकासा भइसकेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

बाढीपछि सरकारले राहत र पुनर्स्थापनाका लागि सहयोग गर्न सार्वजनिक आह्वान गरेसँगै स्वदेश तथा विदेशबाट रकम संकलन भई कोषमा दाखिला भएको हो।

## जलवायु.........

विपद्का प्रकृति र जोखिम निरन्तर बदलिइरहेको बताए।

उनका अनुसार विगतमा देखिएका विपद्का स्वरूपभन्दा अहिले बाढी, डुबान, अतिवृष्टि, सुख्खा, तापक्रम वृद्धि तथा अन्य जलवायुजन्य जोखिमको प्रकृति फरक हुँदै गएको छ। राज्यले बदलिँदो जोखिमलाई गम्भीरतापूर्वक नलिए आगामी दिनमा ठूलो मानवीय तथा आर्थिक क्षति व्यहोर्नुपर्ने उनले चेतावनी दिए।

वातावरणका जानकार रत्नेश्वरलाल कर्णले मधेशको प्राकृतिक सुरक्षा कवचका रूपमा रहेको चुरे संरक्षणलाई विपद् व्यवस्थापनसँग जोडेर हेर्नुपर्ने बताए। चुरे विनाशले भूक्षय, बाढी, डुबान, पानीको स्रोतमा कमी तथा अन्य वातावरणीय समस्या बढाउँदै लगेको उल्लेख गर्दै उनले चुरे संरक्षणलाई विपद् न्यूनीकरणको महत्वपूर्ण आधारका रूपमा कानुनमै स्थापित गर्नुपर्ने धारणा राखे।

उनले मधेशमा जलवायु परिवर्तनको असर प्रत्यक्ष रूपमा देखिन थालेकाले विपद् व्यवस्थापनसम्बन्धी नीति र कानुनमा वातावरणीय जोखिमलाई प्राथमिकताका साथ समेट्नुपर्ने बताए।

कार्यक्रममा प्रदेशसभा सदस्यहरू हरिनारायण महतो, रमिता प्रधान, अञ्जना पण्डित र जिवछी यादव, सामाजिक अभियन्ता रवि गोयन्का, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्णलगायतले जलवायु परिवर्तनसँगै नयाँ(नयाँ प्रकृतिका विपद् देखिन थालेको बताए।

उनीहरूले विपद् व्यवस्थापन क्षेत्रमा विज्ञको सहभागिता सुनिश्चित गर्दै ऐनलाई प्रभावकारी, व्यवहारिक र कार्यान्वयनमुखी बनाउनुपर्ने सुझाव दिएका थिए। साथै विपद् पूर्वतयारी, जोखिम पहिचान, पूर्वसूचना, चुरे संरक्षण, स्थानीय तहको भूमिका र विपद्पछिको पुनःस्थापनालाई स्पष्ट जिम्मेवारीसहित कानुनमा समेट्नुपर्नेमा जोड दिएका थिए।

## दलित........

पर्साहीकी बबिताकुमारी पासवान बुधबार बिहान करिब २ बजे प्रसवको सुरुवाती अवस्थामा अस्पताल पुगेकी थिइन्। सामाजिक सञ्जालमा सार्वजनिक भएका तस्वीर तथा भिडियोमा उनले अस्पताल परिसरबाहिरै प्रसूति गरेको देखिएपछि घटनाको कारणबारे प्रश्न उठेको छ।

उपाध्यक्ष पासमानले घटनाको तत्काल र निष्पक्ष छानबिन गर्न विशेष छानबिन समिति गठन गरी सत्यतथ्य सार्वजनिक गर्न संघीय तथा मधेश प्रदेश सरकारसँग माग गरेका छन्। छानबिनका क्रममा अस्पतालका कर्मचारी वा अन्य जिम्मेवार व्यक्ति दोषी देखिए कानुनअनुसार कारबाही गर्नुपर्ने उनको माग छ।

"स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा दलित वा आर्थिक रूपमा कमजोर भएकै कारण कुनै महिलाले अस्पतालबाहिर बच्चा जन्माउनुपर्ने अवस्था आउनु अत्यन्तै दुःखद् र गम्भीर विषय हो," उनले भने।

पासमानले दलित समुदायप्रति हुने कुनै पनि प्रकारको विभेद आगामी दिनमा दोहोरिन नहुने भन्दै यस्ता घटना पुनः दोहोरिए कानुनी उपचारको बाटोमा जाने चेतावनीसमेत दिए।

यता, अस्पतालले भने महिलालाई प्रारम्भिक स्वास्थ्य परीक्षणपछि प्रसूति वार्डको बेड नम्बर २४ मा भर्ना गरिएको जनाएको छ। आवश्यक स्वास्थ्य परीक्षणका रिपोर्ट नभएकाले चिकित्सकले थप आवश्यक जाँच गराउन सुझाव दिएको अस्पतालको भनाइ छ।

अस्पतालका अनुसार त्यसपछि महिला अस्पतालले उपलब्ध गराएको शैयामा नरही बाहिरिएको र बिहान करिब ४:४५ बजे अस्पतालको मूल गेटबाहिर प्रसूति भएको जानकारी प्राप्त भएको थियो। अस्पतालले घटनाबारे आन्तरिक छानबिन अघि बढाउने जनाइसकेको छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# अस्पतालको गेटमै प्रसूति, छानबिन गर्दै अस्पताल

## प्रसूति वार्डमा भर्ना भएकी महिला बाहिरिएपछि गेटबाहिरै बच्चा जन्मिएको अस्पतालको दाबी, आमा-शिशुको निःशुल्क उपचार

दैनिक समाचारदाता
सप्तरी, २५ भदौ । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको मूल गेटबाहिर एक महिलाले बच्चा जन्माएको घटनाबारे अस्पतालले आन्तरिक छानबिन गर्ने भएको छ।

सामाजिक सञ्जालमा घटनासम्बन्धी भिडियो सार्वजनिक भएपछि अस्पतालले विज्ञप्ति जारी गर्दै घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । अस्पतालले घटनाको वास्तविक तथ्य पत्ता लगाउन आन्तरिक छानबिन अघि बढाउने र दोषी देखिए सम्बन्धित कर्मचारी वा पक्षलाई प्रचलित कानुनअनुसार कारबाही गर्ने जनाएको छ।

अस्पतालको अभिलेखअनुसार राजविराज नगरपालिका(१४ पर्साहीकी बबिताकुमारी पासवान बुधबार बिहान करिब २ बजे प्रसवको सुरुवाती अवस्थामा अस्पताल पुगेकी थिइन् । प्रारम्भिक स्वास्थ्य परीक्षणपछि उनलाई प्रसूति वार्डको बेड नम्बर २४ मा भर्ना गरिएको अस्पतालले जनाएको छ।



आवश्यक स्वास्थ्य परीक्षणका रिपोर्ट नभएकाले चिकित्सकले थप आवश्यक जाँच गराउन सुझाव दिएको अस्पतालको भनाइ छ। त्यसपछि अस्पतालले उपलब्ध गराएको शैयामा नरही उनी बाहिरिएको र बिहान करिब ४:४५ बजे अस्पतालको मूल गेटबाहिरै प्रसूति भएको जानकारी प्राप्त भएको अस्पतालले जनाएको छ।

प्रसूति भएपछि आमा र नवजात शिशुलाई सालनालसहित पुनः प्रसूति वार्डमा ल्याइएको अस्पतालले जनाएको छ। ड्युटीमा रहेका स्वास्थ्यकर्मीले नाल काट्नुका साथै आवश्यक स्वास्थ्य उपचारका लागि अस्पतालमै रहन पटकपटक आग्रह गरेको भए पनि उनी अस्पतालबाट बाहिरिएको प्रारम्भिक विवरणमा उल्लेख छ।

हाल बबिता र नवजात शिशु दुवै अस्पतालको बेड नम्बर २२ मा भर्ना भई स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचाररत छन्। अस्पतालका अनुसार आमा र शिशु दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

घटनापछि अस्पतालले आमा र नवजात शिशुलाई आवश्यक सम्पूर्ण स्वास्थ्य उपचार, औषधि तथा अन्य सेवा निःशुल्क उपलब्ध गराउने निर्णय गरेको जनाएको छ।

अस्पतालको मूल गेटमै प्रसूति हुनुपर्ने अवस्था सिर्जना हुनु संवेदनशील र गम्भीर विषय भएको भन्दै प्रशासनले घटनाको वास्तविकता पत्ता लगाउन आन्तरिक छानबिन प्रक्रिया अघि बढाउने जनाएको छ। छानबिनका क्रममा कुनै कर्मचारी वा सम्बन्धित पक्ष दोषी देखिए प्रचलित कानुन तथा नियमअनुसार आवश्यक कारबाही गर्ने अस्पतालले प्रतिबद्धता जनाएको छ।

सम्बन्धित निकायबाट बाह्य छानबिन समिति गठन भए त्यसलाई आवश्यक सूचना, कागजात तथा सहयोग उपलब्ध गराउनेसमेत अस्पतालले स्पष्ट पारेको छ। आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन प्रसूति सेवा व्यवस्थापन, सेवा प्रवाह तथा सेवाग्राहीप्रतिको जवाफदेहिता थप सुदृढ बनाउने अस्पतालको भनाइ छ।घटनाको पूर्ण तथ्य छानबिनबाट बाहिर नआएसम्म सत्यतथ्यमा आधारित सूचना सम्प्रेषण गर्न तथा अपुष्ट विवरणको प्रसार नगर्न अस्पतालले नागरिक तथा सञ्चारमाध्यमलाई आग्रह गरेको छ।

# ग्यास संकटमा मन्त्रीको राजीनामा

## साढे पाँच महिनामा पनि आपूर्ति सहज भएन, सिन्डिकेट र वितरण प्रणाली सुधार्न सरकारमाथि दबाब



दैनिक समाचारदाता
काठमाडौं, २५ भदौ । खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज बनाउन नसकेको भन्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बिहीबार पदबाट राजीनामा दिएकी छन्। सरकार गठन भएको साढे पाँच महिना बितिसक्दा पनि ग्यास अभाव समाधान नभएपछि मन्त्री यादवले पद छाडेकी हुन्।

बालेन शाह नेतृत्वको सरकार गठन हुँदा नै ग्यास आपूर्तिमा समस्या थियो। पश्चिम एसियाको तनाव, आयातमा आएको संकुचन तथा भारतको बरौनी रिफाइनरीमा भएको मर्मतका कारण आपूर्ति प्रभावित भएको सरकारी पक्षको भनाइ थियो। तर, त्यसपछि पनि आपूर्ति प्रणाली सुधार्न नसक्दा समस्या झन् चर्किएको हो। निर्वाचनअघि नै ग्यास अभाव भएपछि नेपाल आयल निगमले ७.१ किलोका दरले आधा सिलिन्डर बिक्री गर्ने व्यवस्था गरेको थियो। असार मसान्तपछि पूर्ण तौलको सिलिन्डर बिक्री खुला गरिए पनि लामो समय घरमा थन्किएका खाली सिलिन्डर एकैपटक बजारमा आएपछि माग धान्न नसकिएको निगमको तर्क थियो।

भदौ १० गते रसुवास्थित भोटेकोशी र त्रिशूली नदीमा आएको बाढी तथा भदौ १४ गते पृथ्वी राजमार्गको कृष्णभीरमा गएको पहिरोले काठमाडौं जोड्ने मुख्य सडक अवरुद्ध भएपछि आपूर्ति थप प्रभावित भयो। त्यसपछि वैकल्पिक मार्गबाट तराईका उद्योगमा सिलिन्डर पठाएर रिफिल गरी काठमाडौं ल्याउने व्यवस्था गरिएको थियो। तर, उपभोक्ताले भने ग्यासका लागि घण्टौं लाइन बस्नुपर्ने र तोकिएको २ हजार ६० रुपैयाँको सिलिन्डरका लागि ३ हजार रुपैयाँसम्म तिर्नुपरेको गुनासो गरेका छन्। आपूर्ति अभावको फाइदा उठाउँदै डिलर तथा बिक्रेताले बढी मूल्य असुलेको आरोपसमेत लागेको छ।

नेपालमा सञ्चालित ५८ वटै एलपी ग्यास उद्योग निजी क्षेत्रका छन्। सरकारी स्वामित्वको नेपाल आयल निगमसँग आफ्नै बोटलिङ प्लान्ट, ग्यास ढुवानी गर्ने बुलेट वा पर्याप्त आपूर्ति संरचना नहुँदा निजी उद्योगमा निर्भर रहनुपरेको अवस्था छ।

यसैबीच मन्त्री यादवले बुधबार प्रतिनिधिसभाको उद्योग समितिको बैठकमा ग्यास उद्योगीका कारण अभाव भएको आरोप लगाउँदै आपूर्ति सहज बनाउन नसकिएकोमा उद्योगी र मन्त्रालयका कर्मचारीप्रति असन्तुष्टि जनाएकी थिइन्। उनले सबै ग्यास उद्योगको लाइसेन्स खारेज गरी दुईवटा मात्र उद्योग राख्नुपर्ने धारणा पनि राखेकी थिइन्।

मन्त्रीको राजीनामासँगै ग्यास समस्या समाधान हुने अवस्था भने देखिएको छैन। आपूर्ति प्रणालीमा रहेको संरचनागत कमजोरी, निजी उद्योगको निर्भरता, वितरणमा देखिएको अनियमितता र सिन्डिकेटको प्रभाव अन्त्य नगरेसम्म समस्या दोहोरिरहने चुनौती सरकारसामु छ।

# चार दल चहार्दै मन्त्री बने साह

## जनमत पार्टी गठनमा राउतका सहयात्रीदेखि रास्वपा सांसद हुँदै उद्योगमन्त्रीसम्मको यात्रा

दैनिक समाचारदाता
काठमाडौं, २५ भदौ। खाना पकाउने ग्यासको आपूर्ति समस्या समाधान गर्न नसकेको भन्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बिहीबार पदबाट राजीनामा दिएपछि उनको स्थानमा सुनसरी-४ बाट निर्वाचित दीपककुमार साह उद्योगमन्त्री नियुक्त भएका छन्। साहले बिहीबार नै पदभार ग्रहण गरेका छन्।

नवनियुक्त मन्त्री साहको राजनीतिक यात्रा भने छोटो अवधिमै विभिन्न दल हुँदै अघि बढेको देखिन्छ। पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट प्रतिनिधिसभा सदस्य बनेका साह यसअघि जनमत पार्टीसँग आबद्ध थिए। जनमत पार्टी गठनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका उनी त्यसपछि आफ्नै नेतृत्वमा दल गठन गर्दै अन्ततः रास्वपामा प्रवेश गरेका हुन्।

पेसाले इन्जिनियर रहेका साह र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतबीच इन्जिनियरिङ अध्ययनका क्रममा निकटता बनेको बताइन्छ। जनमत पार्टी गठनका क्रममा साहले राउतलाई महत्वपूर्ण सहयोग गरेका थिए। पार्टी गठन भएपछि साह उपाध्यक्ष तथा अनुशासन समितिको प्रमुख बनेका थिए।

जनमत पार्टीको प्रारम्भिक चरणमा केन्द्रीय कार्यालयसमेत साहको भक्तपुरस्थित घरमा राखिएको थियो। सूर्यविनायक-३ स्थित उनको घरको भुइँ तलामा पार्टीको सुरुवाती कार्यालय सञ्चालन भएको थियो। राउतलाई पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसमा अध्ययनका लागि आर्थिक सहयोग गर्ने व्यक्तिका रूपमा समेत साहको भूमिका रहेको उल्लेख जनमत अध्यक्ष राउतले आफ्नो पुस्तकमा गरेका छन्।

तर, पार्टी गठनपछि राउत र साहको सम्बन्ध लामो समय टिक्न सकेन। उनीहरूबीचको सम्बन्धमा दरार आउनुमा आर्थिक विषयसहित पार्टीभित्रका विभिन्न निर्णय र मतभेद प्रमुख कारण रहेको जनमतसँग सम्बन्धित नेताहरू बताउँछन्। गोमा लाभलाई प्रतिनिधिसभा सदस्यबाट हटाउने विषयमा समेत राउत र साहबीच मतभेद देखिएको थियो। जनमतको अनुशासन आयोगका प्रमुख रहेका साहले लाभलाई सांसद पदबाट हटाउने निर्णयमा पुनर्विचार गर्न आग्रह गरेका थिए। यस विषयमा राउतले तत्कालीन सभामुख देवराज घिमिरेलाई पटकपटक पत्र पठाए पनि लाभलाई पदमुक्त गर्ने निर्णय अघि बढेन।

सम्बन्ध थप बिग्रिँदै गएपछि साहलाई जनमत पार्टीले स्पष्टीकरण सोधेको थियो। स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै उनलाई गत साउनमा पार्टीको साधारण



सदस्यसमेत नरहने गरी निष्कासन गरिएको थियो। जनमतले साहमाथि पार्टीको जिम्मेवारीअनुसार भूमिका निर्वाह नगरेको, अध्यक्ष राउतविरुद्ध गतिविधि गरेको, विधानविपरीत काम गरेको तथा पार्टी विभाजनका लागि गुटगत गतिविधि गरेको आरोप लगाएको थियो।

जनमतबाट निष्कासनपछि पनि साह राजनीतिमा सक्रिय रहे। उनले आफ्नै नेतृत्वमा 'जनस्वराज पार्टी' गठन गरी निर्वाचन आयोगमा दर्ता गराए। उक्त दलको नामलाई लिएर जनमतका अध्यक्ष राउतले कानुनी चुनौती दिएका थिए। अदालतको निर्णयपछि साहले अर्को दल 'सर्वोदय' गठन गरी निर्वाचन आयोगमा दर्ता गराएका थिए। सर्वोदयले 'मकैको घोगा' चुनाव चिह्न पाएको थियो।


तर, निर्वाचनको मुखमा साह रास्वपामा प्रवेश गरे। उनको नेतृत्वमा रहेको सर्वोदय रास्वपामा विलय भएपछि उनले सुनसरी-४ बाट प्रतिनिधिसभाको टिकट पाए। २०७९ सालको निर्वाचनमा पहिलोपटक प्रत्यक्ष उम्मेदवार बनेका साहले ४२ हजार ७७१ मत प्राप्त गरी नेपाली कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीलाई पराजित गरेका थिए। कार्कीले १६ हजार ५८७ मत पाएका थिए।

यसबीच सुनसरीको कप्तानगञ्जमा गत साउन १० गते भएको दुई समुदायबीचको विवादसम्बन्धी प्रतिवेदनका कारण पनि साह पार्टीभित्र विवादमा परेका थिए। उनले गृहमन्त्री सुधन गुरुङको मौखिक निर्देशनमा छुट्टै प्रतिवेदन तयार गरेको दाबी गरेका छन्। तर, पार्टीको औपचारिक निर्णयबिना आफूखुसी प्रतिवेदन तयार गरेको र त्यसमा रास्वपाका सांसदलाई समेत दोषी देखाएको भन्दै उनीमाथि पार्टीभित्र प्रश्न उठेको थियो।

कप्तानगञ्जको विवादपछि तनाव अन्य क्षेत्रमा समेत फैलिएको थियो। घटनामा सुनसरीमा तीन र सिरहामा एक जनाको मृत्यु भएको उल्लेख गरिएको छ। यस घटनासम्बन्धी उनको भूमिकाले समेत साहको राजनीतिक यात्रामा अर्को विवाद थपेको छ।

जनमत पार्टी गठनका सहयात्रीदेखि विभिन्न राजनीतिक दल हुँदै रास्वपाबाट प्रतिनिधिसभा सदस्य र अहिले उद्योगमन्त्रीसम्म आइपुगेका साहका लागि नयाँ जिम्मेवारीसँगै उनको राजनीतिक विगत र विवाद पनि चुनौतीका रूपमा देखिएको छ।


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४